# ताप्ली गाउँपालिका

रुपाटार, उदयपुर

# वार्षिक नीति तथा कार्यक्रम

आ.ब. २०७४।७५

२०७४ साल भाद्र ३१ गते

ताप्ली गाउँपालिकाको पहिलो गाउँसभाकाउपाध्यक्ष ज्यू, सदस्यहरु,

सम्पुर्ण कर्मचारीहरु तथा

उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२।६३ को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटकसम्म भएको संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भइसकेर हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई अक्षरशः पालना गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भईसकेर आज हामी ताप्ली गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही यो कार्यक्रममा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षविभोर भएका छौं । देशलाई यस स्थितमा ल्याइपुर्याउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञातअज्ञात व्यक्तिहरुलाई स्मरण गर्नचाहन्छौं ।संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, आफ्नो गाउँ आफैं बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

अव म यस ताप्ली गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१.विगत १९ वर्षदेखि रिक्त स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको छ । अवका दिनमा ताप्ली गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिएको छ ।

२. यस गाउँपालिकाको आर्थिक केन्द्र रुपमा रहेको कटारी बजार र ताप्ली गाउँपालिका सडक यातायातमा जोडिइसकेको अवस्था छ । कटारी–ताप्ली सडक खण्डलाई सुधार गर्न केन्द्र तथा प्रदेशस्तरमा पहल गर्दै यस गाउँपालिकाका ५ वटै वडालाई बाटो सञ्जालमा जोडि ताप्ली गाउँपालिका लाई रिङ रोड बनाई स्तरोन्नति गर्दै गाउँगाउँमा जाने बाटोको स्तरोन्नतिमा विशेष प्राथमिकता दिइने छ ।ठानागाँउबाट सुनकोशि गाउँपालिका जोड्ने सडक, ताप्ली गाउँपालिकाबाट खोटाङको प्रसिद्ध धार्मिक स्थल हलेसि जोड्ने सडक साथै राष्ट्रिय स्तरको घुर्मिबाट चतरासम्म जाने सडकलाई विशेष जोड दिईने छ ।यसले गर्दाव्यापार प्रवर्द्धन हुनाका साथै यस क्षेत्रका जनताको आधारभुत आवश्यकता पुरा गर्न वजारको व्यवस्था भई पुँजी परिचालनमा समेत ठोस मद्दत पुग्ने विश्वास लिइएको छएवम् गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध बनाउने क्रममा गाउँपालिका क्षेत्रभित्र निर्माण हुने आयोजनाहरुमा बीस प्रतिशत जनसहभागिता अनिवार्य हुनुपर्ने नीति अबलम्बन गरिनेछ ।

३. यस ताप्ली गाउँपालिकाको स्वास्थ्य सेवालाई मध्यनजर गर्दै स्वास्थ्य सेवाको पहुँच सर्वसाधारण जनता समक्ष पुर्‍याउनको लागि सवै वडामा छिटो र छरितो सेवाको सुनिश्चितता प्रदान गर्न एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ।

४.यस गाउँपालिकाक्षेत्रमा उत्पादन हुने धान,मकै,मास,कोदो, आलु, गहुँभटमास,लगायतका अन्नको उत्पादन बढाउने तर्फ आवश्यक कार्यक्रमहरु ल्याइनेछ । पशुपालनको रुपमा उन्नत जातका गाई, भैसि, बाखा, कुखुराको व्यवसायिक उत्पादन गरी पशुजन्य उत्पादन अभिवृद्धि

गर्नुका साथै निर्यात गर्नेतर्फ कार्यक्रमहरु ल्याइनेछ । परम्परागत कृषि प्रणालीलाई आधुनिकिकरण, विविधिकरण, बजारीकरण र व्यवसायीकरण गर्ने नीति तथा कार्यक्रमहरु अगाडि बढाइनेछ । गाउँपालिका क्षेत्रभित्र कृषि उत्पादन हुन सक्ने क्षेत्रको पहिचान गरी कृषि पकेट क्षेत्र, कृषि फर्म तथा पशु सेवा विकाशको लागि पशु फार्महरुको स्थापना र सञ्चालन गर्न आवश्यक कार्यक्रमहरु बढवा दिइनेछ । यस गाउँपालिका भित्र सञ्चालन भइरहेको अमिलो जातको (सुन्तला, कागति, जुनार, निवुवा) पकेट क्षेत्र र अलैचि, आप, लिचि खेति जस्ता कम लगानि गरी बढि प्रतिफल दिने कृषिजन्य उत्पादनलाई प्राथमिकता दिइनेछ । अम्लिसो, तेजपत्ता, अदुवा, बेसार लगायतका जडिबुटिजन्य खेति गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।

५.यस गाउँपालिकामा यस जिल्लाकै प्रसिद्ध पोखरीताप्ली पोखरी, जोरढुङ्गा, थामखर्क जस्ता ऐतिहासिक तथा पर्यटकीयस्थलहरु रहेको छ । यी सम्पदाहरुको विभिन्न माध्यमबाट प्रचार प्रसार गर्न सुनकोशि र्‍याफ्टिङ तथा विभिन्न पर्यटकिय क्षेत्रबाट सुनकोशिसम्म केबलकारको सम्भाव्यता अध्ययन र विस्तार गरी पर्यटकहरुलाई आकर्षित गरिनेछ । त्यसका लागि पर्यटकहरु आउने पर्यटकीय मार्गहरुको बाटो सुधार गर्ने, होटल तथा अन्य सेवा उद्योगहरुको संख्या वृद्धि गर्ने, पर्यटन व्यवसाय गर्ने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहन गर्ने, पदयात्रीहरुको जानकारीका लागि ठाउँठाउँमा जानकारी सहितका वोर्डहरु राख्ने कार्यसम्पन्न गरिनेछ । यस क्षेत्रको सांस्कृतिक तथा स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा तथा रितिरिवाजको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गर्ने, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजनबाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

६. उर्जा विकासको महत्वपुर्ण पुर्वाधार हो । यस गाउँपालिका क्षेत्रभित्र विगतमा साना जलविधुत तथा सुधारिएको चुलोको प्रयोग गरिदै आएको छ, जुन असाध्यै सराहनीय छ, वातावरणमैत्री उर्जाको प्रयोगमार्फत यस गाउँपालिकालाई समृद्ध बनाउन प्रयासरत सम्पुर्ण दातृ संस्था, नेपाल सरकार, यस क्षेत्रका सम्पुर्ण जनता तथा सरोकारवालाहरुलाई धन्यवाद समेत व्यक्त गर्न चाहन्छु ।साथै यस गाउँपालिकालाई विधुतको राष्ट्रिय प्रशारण लज

७. यस गाउँपालिकाको क्षेत्रमा जलविद्युतको प्रशस्त सम्भावना रहेकोले **हरेक घर उज्यालो घर** कार्यक्रम संचालन गरि विद्युतको भरपर्दो व्यवस्था गर्न विगतमा यस क्षेत्रमा सञ्चालनमा रहेका लघुजलविद्युत आयोनाहरुलाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याई प्रभावकारी वितरणको व्यवस्था गरी स्थानीय जनतालाई विद्युत उपभोगको प्रवन्ध मिलाउनेतर्फ उर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण तथा अन्य दातृ निकायहरुसँग सहकार्य गरिनेछ । यस गाउँपालिकाको अवको पाइला लघुजलविद्युत उत्पादन तर्फ केन्द्रित हुनेछ । यसका लागि यारी खोलाबाट हाइड्रो पावरको सम्भाव्यता अध्ययन गरिनेछ । साथै राष्ट्रिय प्रसारणको लाइन सँग जोड्नको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८. आजको युग सुचना र सञ्चारको युग हो । सुचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिँदैन । यस गाउँपालिकाको सबै क्षेत्रमा मोवाइलको नेटवर्क पनि नभएकोले स्थानीय जनता सञ्चारविहीन अवस्थामा रहनुपरेको छ । यसका लागि नेपाल टेलिकमको जिएसएम टावर राख्न अनुरोध गरी मोबाईल सेवा सुचारु गर्ने तर्फ पहल गरिनेछ ।

९.यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैगिक विभेदमार्फत महिलाको स्थान

समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अबको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ ।

१०. सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अद्यावधिक गरिनेछ । यस कार्यक्रम संघीय सरकार मार्फत सञ्चालन हुने भएपनि लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

११.गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि एक घर एक धारासहितको कार्यक्रम सञ्चालन गरिनेछ । खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ ।तत्ककालिन वडाहरुको कुनै एक स्थानमा खानेपानी, विजुली ,सडकलगायत आवश्यक पूर्वाधारसहितको एकीकृत शहरीकरण सर्वेक्षण रुपाटार कुमलटारसम्मको शहरीकराण सर्वे भइसकेकाले आवश्यक गुरु योजना बनाई एक वडा एक सहरको नीतिलाई अबलम्बन गरिनेछ । गाउँपालिका भित्रका यातायात, पूर्वाधार विकास, आन्तरिक राजस्व परिचालन, भू उपयोग, पर्यटकीय क्षेत्र लगायतका क्षेत्र तथा गाउँपालिका भित्र रहेका खानीहरुको अनुसन्धान गर्न वृहत्तर गुरुयोजना तयार गरिनेछ ।फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको

शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने तथा यस सम्बन्धमा“**सफा र स्वच्छ खानपान, ताप्लीको शान**”नारा लाई मुर्तरुप दिन कार्यक्रमहरु ल्याइनेछ ।

१२.शिक्षाको संरचना पनि गाउँपालिकामा आइसकेको सन्दर्भमा विद्यालयभन्दा वाहिर रहेका वालवालिकालाई विद्यालय क्षेत्रभित्र ल्याउनका लागि भर्ना कार्यक्रमहरु, अभिभावकको लागि जनचेतना कार्यक्रमहरु ल्याइनेछ ।यस क्षेत्रका सामुदायिक विद्यालय तथा निजी श्रोतबाट चलेका विद्यालय तथा निजी श्रोतका कर्मचारीहरुको विषयमा विशेष नीति बनाई विद्यालयहरुको आवश्यक पूर्वाधार तयार गरी पठनपाठनलाई गुणस्तरीय बनाउन कक्षा १ देखि नै अङ्ग्रेजि माध्यमबाट पठनपाठन गर्ने नीति अबलम्बन गरिने छ साथै सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुलाई विद्यालयमा नै टिकाइराख्न विविध कार्यक्रमहरु ल्याइने छ । विद्यालय क्षेत्र विकास कार्यक्रम, सवैका लागि शिक्षा, जीवनपर्यन्त शिक्षा, प्रौढ शिक्षा, चेलीवेटी शिक्षा, युवा शिक्षा, लगायतका कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । वालमैत्री स्थानीय शासन कार्यक्रम लगायत वालमैत्री विद्यालय, खेल्दै सिक्दै लगायतका कार्यक्रमहरुलाई समावेश गर्दै लगिनेछ । विद्यालयको पुर्वाधार विकास, वैदेशिक अनुदानलाई गाउँपालिकामार्फत ल्याइ, शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिवद्धतामा वृद्धि गरी शिक्षाको समग्र गुणस्तरमा वृद्धि गरी यस क्षेत्रको साक्षरता दर बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ ।

१३. जहाँका जनता स्वस्थ हुन्छन्, त्यस ठाउँको विकास छिटो हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै यस क्षेत्रमा स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ पहल गरिनेछ । गाउँपालिका क्षेत्रभित्रमा स्वास्थ्य चौकि ५ वटा मात्र भएकोमा यस क्षेत्रमा स्वास्थ्य चौकि स्थापना गर्नका

लागि पहल गर्नुका साथै स्वास्थ्यकर्मीको बसाईलाई टिकाइराख्न उचित कार्यक्रमहरु सुरुवात गरिनेछ । नेपाल सरकारको नागरिक स्वास्थ्य वीमा कार्यक्रम, म स्वस्थ मेरो गाउँपालिका स्वस्थ जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । स्वास्थ्य कार्यालयको संरचना समेत यस कार्यालयमा आउने प्रतिवद्धता भइसकेकोले उक्त स्वास्थ्य कार्यालयमार्फत भएका सम्पुर्ण कार्यक्रमलाई अक्षरसः पालना गरिनेछ । गाउँपालिकालाई पुर्ण खोपयुक्त, पुर्ण सरसफाईयुक्त बनाउनाका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु परिचालन, सि.एम.ए तथा अनमिहरु परिचालन गर्न थप पहल गरिनेछ । युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४.नेपाल सरकारले हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल बनाउनेकार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्न पहल गरिनेछ ।

१५. यस गाउँपालिका क्षेत्रमा वैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा छैनन् । आगामी वर्षमा नेपाल राष्ट्र वैंकको नीति तथा देशका सम्पुर्ण स्थानीय तहमा वित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ, साथै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा रहेका संस्थाहरुलाई व्यवस्थित गरी सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ ।

१६. कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुबाई, सामाजिक परिक्षण, नागरिक

वडापत्र, सुचनाको हकको प्रत्याभूति,पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

१७.यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ, यस क्षेत्रमा कर्मचारी सँधै बस्ने, गाउँवासीको पीरमर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । विकट भौगोलिक क्षेत्रमा आई काम गर्नुपर्ने बाध्यता भएकाले यथासक्य प्रोत्साहन  भत्ताको व्यवस्था मिलाउनेतर्फ पहल गरिनेछ ।

१८.यस गाउँक्षेत्रका युवाहरुमा वेरोजगारीको दर उच्च छ, सक्रिय जनसंख्याको हिस्सा उच्च हुँदा पनि उक्त युवा जनशक्तिलाई रोजगारी प्रदान गर्न नसकिँदा एकातर्फ गरिबी न्युनीकरण हुन सकिरहेको छैन भने अर्कातर्फ उपलब्ध स्रोत साधनका समुचित परिचालन हुन नसकेको तीतो यथार्थ हाम्रो सामु छ । युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्युनीकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइने छ । प्रत्येक वर्ष गाउँपालिकास्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

१९.जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यस क्षेत्रमा हुने खालका विरुवाहरु वृक्षारोपण गर्ने, सोको लागि संभाव्यता अध्ययन

गर्ने, वोट विरुवाकाट्न नदिने, जंगली जीवजन्तुको अवैध हत्या, चोरी सिकारी तथा हाडखोडको अवैध पैठारीलाई रोक्न आवश्यक प्रवन्ध तथा सम्बन्धित निकायसँग सहकार्य गरी कडा कानुनी व्यवस्था गरिनेछ । वातावरणीय सन्तुलन र मानवीय सुरक्षा लगायतका विषयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने, नदीनियन्त्रण, पहिरो नियन्त्रण, जलाधार संरक्षण, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ ।

२०.मानव अधिकार, विधिको शासन, महिला तथा बालबालिका अधिकारको संरक्षरण तथा संवर्द्धन गर्न विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । दण्डहिनताको अन्त्य गर्दै महिलाहिंसाजन्य क्रियाकलापको न्यूनिकरणको लागि ठोस नीति लिईनेछ । जनतालाई शान्ति सुरक्षाको प्रत्याभुति दिन सुरक्षा क्षेत्रका सबै निकायहरुसँग समन्वय एवं सहकार्य गर्ने नीति अवलम्बन गरिने छ ।

२१. दलित तथा विपन्न वर्गाहरुको पहिचान गरी विपन्न परिचय पत्र वितरण गरिनेछ । विपन्न परिचय पत्रका आधारमा गाउँपालिकाबाट प्राप्त हुने हरेक सेवा सुविधामा विशेष प्राथमिकता दिइनेछ । दलित बालबालिकाहरुका लागि उच्च शिक्षा अध्ययनका लागि विशेष छात्रवृत्तिको व्यवस्था मिलाईनेछ । दलित तथा सकुम्बासिहरुका लागि जनता आवास कार्यक्रमको लागि विशेष पहल गरिनेछ । हरेक वडामा वातावरणमैत्रि बालउद्यान, खेलकुद मैदान , पुस्तकालय र विभिन्न जातजातिका संस्कृति झल्किने संग्राहलय निर्माण गरिने छ ।

२२. यस वर्षलाई ताप्ली गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ । गाउँपालिका क्षेत्रभित्रका लागि तय गरिएको राजश्व उठाउने तर्फ पनि उत्तिकै पहल गरिनुका साथै आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

**सभाध्यक्ष महोदय, अव म यस ताप्ली गाउँपालिकाको आगामी आर्थिक वर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु ।**

राजश्व परामर्श समितिको सिफारिस अनुसार आगामी आ.व. २०७४।७५ मा गाउँपालिकाले लगाउने कर तथा शुल्क, दस्तुर आदिबाट कुल ७,०४,०००। राजश्व प्राप्त हुने अनुमान गरिएको छ । आ.व. २०७४।७५ को लागि स्वीकृत करको दर अनुसुचीमा उल्लेख गरिएको छ ।

मिति २०७४ साल जेष्ठ महिनाको १५ गते व्यवस्थापिका संसदमा केन्द्रिय सरकारका अर्थमन्त्रीले पेश गरेको बजेट घोषणामा आ.व. २०७४।७५मा यस गाउँपालिकाको लागि नेपाल सरकारले दिने वित्तिय समानीकरण अनुदानको हिस्सा रु. १३ करोड ३६ लाख ७२ हजार प्राप्त हुनेछ । सोही बजेट वक्तव्यमा घोषणा भए अनुसार सशर्त अनुदानको रुपमा रु. ११ करोड ९९ लाख ७५ हजार प्राप्त हुनेछ । उक्त सशर्त अनुदानको कार्यक्रम समेत प्राप्त भैसकेको छ ।नेपाल सरकारको पुनर्संरचनाको कार्य अन्तिम चरणमा नपुगेको हुनाले यस वर्ष प्रदेश सरकार तथा अन्य स्थानीय तहबाट यस गाउँपालिकाको लागि प्राप्त हुने वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान तथा समपुरक अनुदान लगायतका अनुदान तथा वित्तिय हस्तान्तरणका सम्भावनाहरु छैनन् । यस गाउँपालिकाको संचित कोष खातामा गत वर्षको खर्च हुन नसकी वाँकी रहेको रकम रु ६२ लाख ९५ हजार ६७९। जम्मा रहेको अवस्था छ । अतः यी सम्पुर्ण रकमहरुको जम्मा गरी आगामी आ.व. २०७४।७५ को लागि यस ताप्ली गाउँपालिकाबाट परिचालित हुने कुल बजेट रु. २६,०६,४६,६७९।०० (छब्बिस करोड छ लाख छयालिस हजार छ सय उनान्असि

मात्र ) हुने अपेक्षा गरिएको छ । यसमा नगद तथा श्रम जनसहभागिताको रकम समावेश गरिएको छैन ।

**सभाध्यक्ष महोदय,**

अव म व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु । यस वर्षको कुल बजेट रु. २६,०६,४६,६७९।०० (छब्बिस करोड छ लाख छयालिस हजार छ सय उनान्असि मात्र ) मध्ये सशर्त अनुदान तर्फ रु ११,९९,७५,०००। विनियोजन गरिएको छ जुन कार्यक्रम विषयगत मन्त्रालयबाट तोकिए बमोजिम हुनेछर वित्तीय समानीकरण अनुदान, गत बर्षको मौज्दात र राजस्व समेत गरेररु. १४,०६,७१,६७९।००(चौध करोड छ लाख एकहत्तर हजार छ सय उनान्असि)विनियोजन गरिएको छ ।वित्तीय समानीकरण अनुदान, गत आ.व.को मौज्दात र राजस्व समेत रु. १४,०६,७१,६७९।००(चौध करोड छ लाख एकहत्तर हजार छ सय उनान्असि)मध्ये चालुतर्फ जम्मा रु ३,६७,४४,०००।०० (तिन करोड सडसठि लाख चौवालिस हजार) ( २६.१२ प्रतिशत) तथा पुँजीगत तर्फ रु १०,३९,२७,६७९ (दश करोड उनचालिस लाख सत्ताइस हजार छ सय उनान्असि मात्र ) (७३.८८प्रतिशत) विनियोजन गरिएको छ । सशर्त अनुदान तर्फ रु ११,९९,७५,०००। विनियोजन गरिएको छ । पुँजीगत तर्फका कार्यक्रमहरुमध्ये आर्थिक विकास अन्तर्गत रु. १,२१,२५,५००। सामाजिक विकासतर्फरु १,७२,४२,५००। पुर्वाधार विकास अन्तर्गत रु. ४,६१,९०,०००। वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु १५,२०,०००। संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन तर्फ रु २०,५०,०००। विनियोजन गरिएको छ । आर्थिक विकासतर्फको कृषि तर्फ रु ९९,७५,५४०। उधोग तथा

वाणिज्य तर्फ रु ६,५०,०००।, पर्यटन रु ७,००,०००।सहकारी तर्फ ८,००,०००।विनियोजन गरिएको छ। सामाजिक विकास तर्फ शिक्षामा रु २०,००,०००। स्वास्थ्यमा रु ९,००,०००। खानेपानी तथा सरसफाईमा रु १,०३,५०,०००।संस्कृति प्रवर्द्धनमा रु १५,५०,०००।खेलकुद तथा मनोरञ्जनमा रु ३,५०,०००। लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमा रु २०,९२,५००।विनियोजन गरिएको छ। पूर्वाधार विकास तर्फ स्थानीय सडकमा रु २,४८,००,०००।सिंचाईमा रु ६०,५०,०००। भवन तथा सहरी विकासमा रु ५४,४०,०००। ऊर्जा, लघु तथा साना जलविधुतमा रु ९९,००,०००।विनियोजन गरिएको छ । वातावरण तथा विपत्त व्यवस्थापनतर्फ वन तथा भू-संरक्षणमा रु ११,००,०००। फोहरमैला तथा ढल व्यवस्थापनमा रु ३,००,०००।विपत्त व्यवस्थापनमा रु १,२०,०००। विनियोजन गरिएको छ । संस्थागत विकास सेवा प्रवाह र सुशासनतर्फ सुरक्षा व्यवस्थापनमा रु ५,००,०००। सूचना प्रविधिमा रु २,५०,०००। पञ्जिकरण व्यवस्थापनमा रु २,५०,०००। स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापनमा रु ५,००,०००। र सुशासन प्रवर्द्धनमा रु ५,५०,०००।विनियोजन गरेको छु । यसै गरि मर्मत सम्भार कोष, प्रकोप व्यवस्थापन कोष, समपुरक कोष लगायतका विभिन्न कोषका लागि रु १,३०,७८,६७९। विनियोजन गरिएको छ ।आय-व्यय विवरण तथा कार्यक्रम र आयोजनाहरुको विस्तृत विवरण अनुसूचिमा संलग्न गरेको छु ।प्रस्तुत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको सम्भावना उजागर भई समुदायमा आधारित समावेशी विकासको आधार खडा हुने अपेक्षा लिइएको छ ।

सभाध्यक्ष महोदय,

यस गाउँपालिकाको पहिलो गाउँसभाद्वारा पारित वार्षिक बजेट, नीति र कार्यक्रमहरु तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव र सहयोग सहित सहभागी हुनु भएका गाउँपालिकाका सम्पुर्ण जनसमुदायहरु, गाउँकार्यपालिकाका अध्यक्षज्यू, गाउँपालिकाका कार्यकारी अधिकृत ज्यू, लेखापाल ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारी वन्धुहरु, विभिन्न विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, दातृ निकाय, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्ति गर्न चाहन्छु । त्यसै गरी सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाको शुरुवात सँगै आजको यस सार्वजनिकीकरण समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुर्‍याएको योगदानका लागि उच्च मुल्यांकन गर्दे आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा प्रस्तुत योजना, नीति र कार्यक्रमहरुको सफल कार्यान्वयनमा सबैबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै विदा हुन अनुमति चाहन्छु ।

धन्यवाद !